नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५  अंक २१६  २०८२ साल चैत १८ गते बुधबार (1 Apr 2026 Wednesday)  मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुरु भइसकेका योजना ... ३ पृष्ठमा : शासकीय सुधारका कार्यसूची : एक महिनाभित्र ... ३ पृष्ठमा : मध्यपूर्व तनाव ...

# काजमा रहेका पाँच चिकित्सक गजेन्द्र नारायण सिंह अस्पतालमा फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका काजमा रहेका पाँच चिकित्सकलाई एकै पटक दरबन्दी रहेकै अस्पतालमा फिर्ता पठाएको छ ।




मन्त्रालयको चैत १६ गतेको बैठकले काजमा रहेका उक्त अस्पतालका पाँचसहित अन्य अस्पतालका गरि १४ जना चिकित्सकलाई दरबन्दी रहेकै अस्पताल फिर्ता पठाएको हो ।

काज फिर्ता हुने चिकित्सकहरूमा अधिकृत दशौं तहका वरिष्ठ कन्सल्टेन्ट इ.एन.टी. सर्जन डा. रोहिता बज्राचार्यलाई भरतपुर अस्पतालबाट गजेन्द्रनारायण सिंह अस्पताल, अधिकृत नवौं तहका कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट डा. जोसनलाला बज्राचार्यलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशबाट गजेन्द्रनारायण सिंह अस्पताल, अधिकृत नवौं तहका कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट डा. विशाल कुमार देवलाई कोशी अस्पताल विराटनगरबाट गजेन्द्रनारायण सिंह अस्पताल, अधिकृत नवौं तहका कन्सल्टेन्ट रेडियोलोजिष्ट डा. प्रकाश ढकाललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लम्बिनी प्रदेशबाट गजेन्द्र नारायण सिंह अस्पताल र अधिकृत नवौं तहका कन्सल्टेन्ट साइक्याट्रिष्ट डा. सुशील समदर्शीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशबाट गजेन्द्रनारायण सिंह अस्पताल फिर्ता पठाइएको छ । उनीहरू हालका अस्पतालहरूमा काजमा रहेका थिए ।

यी पाँच चिकित्सकहरुको काज फिर्ता भएसँगै गजेन्द्र नारायण सिंह अस्पतालमा अब वरिष्ठ कन्सल्टेण्ट इ.एन.टी. सर्जन, कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, कन्सल्टेन्ट रेडियोलोजिष्ट र कन्सल्टेन्ट साइक्याट्रिष्ट रहने छ ।

त्यसैगरी डडेल्धुरा अस्पतालका लागि चार जना चिकित्सकलाई काज फिर्ता गरिएको छ। जसमा डा. सन्तोष कुमार गुप्ता सुदूरपश्चिम मुख्यमन्त्रीको कार्यालयबाट डडेल्धुरा अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट डा. मिसन्ता शर्मा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट डा. सुयोग्य वाग्लेलाई डडेल्धुरा अस्पतालका लागि रेफर गरिएको हो ।

यस्तै नारायणी अस्पताल पर्साका लागि भने पाँच जना चिकित्सकलाई काज फिर्ता गरी सोही अस्पताल खटाइने भएको छ । जसमा राष्ट्रिय चिकित्सा प्रतिष्ठान वीर अस्पतालबाट डा. सोनिकाधरी श्रेष्ठ, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट डा. संजोग तिमिल्सिना, लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयबाट डा. अरुण ज्ञवाली, स्वास्थ्य सेवा विभाग टेकुबाट डा. मुकेश पौडेल र कान्ति बाल अस्पतालबाट डा. दिपेश भट्टराईलाई काज फिर्ता गरिएको छ । मन्त्रालयका अनुसार उनीहरू स्वास्थ्य सेवातर्फका नवौं र दसौं तहका कर्मचारी अन्तर्गत पर्छन् ।

विशेष गरी डडेल्धुरा, नारायणी उपक्षेत्रीय अस्पताल र गजेन्द्रनारायण सिंह अस्पतालको सेवालाई प्रभावकारी बनाउने भन्दै काज फिर्ता गरिएको मन्त्रालयले जनाएको छ ।

# बीमा सेवा दिन आनाकानी गरिए कारबाही : बीमा बोर्ड

काठमाडौं, १७ चैत (रासस) ।

विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाले स्वास्थ्य बीमा सेवा दिन आनाकानी गरेको तथा बिरामीलाई आवश्यक सुविधा नदिइएको पाइएपछि स्वास्थ्य बीमा बोर्डले कानुनअनुसार कारबाही हुने चेतावनी दिएको छ ।

बीमा कार्यक्रमअन्तर्गत सेवा प्रवाहका क्रममा केही सेवा प्रदायक स्वास्थ्य संस्थाबाट बीमित सेवाग्राहीलाई दुःख दिएको तथा सेवा प्रवाह नगरेको पाइएपछि बोर्डले सहज रूपमा स्वास्थ्योपचार गर्न गराउन आग्रह आग्रह गरेको छ ।

स्वास्थ्य संस्थाहरूले बीमा सेवा प्राप्त गर्न अग्रिम समय लिनुपर्ने, बीमितप्रति भेदभावपूर्ण व्यवहार गरिएको तथा आवश्यक सेवा सुविधा एवं औषधि उपलब्ध नगराइएकोप्रति बोर्डले ध्यानाकर्षण भएको जनाएको छ । स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ तथा प्रचलित कानुनविपरीतका गतिविधि नगर्न तथा नगराउन बोर्डले चेतावनी दिएको छ ।

अनुगमनका क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाबाट नियमविपरीत कार्य भएको प्रमाणित भएमा स्वास्थ्य बीमा ऐन, २०७४ बमोजिम कारबाही हुने बोर्डका कार्यकारी निर्देशक कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

# पक्राउ परेका पूर्वप्रजिअ रिजाल हाजिरी जमानीमा रिहा हुने

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ चैत ।**

मंगलबार बिहान पक्राउ परेका काठमाडौंका पूर्वप्रमुख जिल्ला अधिकारी छवि रिजाल हाजिरी जमानीमा रिहा हुने भएका छन् ।

सह सचिव रिजाललाई बोलाएको समयमा उपस्थित हुनेगरी रिहा गर्ने निर्णय गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एकजना अधिकृतले बताए ।

रिजाललाई गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा दमन गरेको आरोपमा अपराध अनुसन्धान कार्यालयको टोलीले मंगलबार बिहान पक्राउ गरेको थियो ।

पक्राउपछि उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसन्धान अधिकृतहरूले जेनजी प्रदर्शनमा बानेश्वरमा किशोरहरूको ज्यान जानेगरी भएको घटनाबारे सोधपुछ गरेका थिए ।

जेनजी प्रदर्शनबारे छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई दोषी किटान गर्दै मुद्दा चलाउन सिफारिस गरेको थियो । भदौ २३ र २४ मा प्रदर्शन हुँदा उनी काठमाडौंको प्रमुख जिल्ला अधिकारी थिए ।

यसअघि शनिबार सोही आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको थियो ।

# गैरकानुनी रूपमा विज्ञापन प्रकाशन तथा प्रसारण नगर्न बोर्डको आग्रह

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ चैत ।**

विज्ञापन बोर्डले अनधिकृत वेबसाइट, बेटिङ एप, सामाजिक सञ्जाल तथा कानुनले निषेध गरेका स्थानमा विज्ञापन प्रकाशन तथा प्रसारण नगर्न नगराउन आग्रह गरेको छ ।

सरकारले सबै प्रकारका बेटिङ एप तथा बेबसाइट यही चैत १३ गतेको मन्त्रिपरिषद्को बैठकले बन्द गर्ने निर्णय गरिसकेको उल्लेख गर्दै बोर्डले गैरकानुनी रूपमा विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन भएको भए तत्काल बन्द गर्न र गराउन सरोकारवालालाई अनुरोध गरेको छ ।

गैरकानुनी रूपमा र बन्द गरिएका एप तथा वेबसाइटमा विज्ञापन प्रकाशन, प्रसारण वा प्रदर्शन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने भएकाले त्यस्ता गतिविधि भइरहेको पाइएमा बोर्डमा यथाशीघ्र उजुरी गर्न अनुरोध गरिएको बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीले जानकारी दिए ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ बमोजिम जुवा खेल्न र खेलाउन वा प्रचलित कानुनबमोजिम अनुमति नलिएको चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने व्यवस्थाको समेत बोर्डले स्मरण गराएको छ ।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# देश परिवर्तनमा युवा सक्रिय

मुलुकको विकासमा युवाहरुको भूमिका आवश्यक छ । विभिन्न क्षेत्रमा यूवाहरुको खाँचो रहेको बेला भने यूवाहरु देशबाट पलायन हुने क्रम बढ्दो छ । यो मुलुकका लागि दुर्भाग्यपूर्ण हो । मुलुकमा रोजगारीको अवसर सृजना हुन नसक्दा दैनिक रुपमा सयौंको संख्यामा यूवाहरु बिदेशिदै क्रम बढ्दै गएको छ । उनीहरु आफ्नै मुलुकमा आफ्नो दक्षताको आधारमा काम गर्ने अवसर नपाउँदा यसरी विदेशिनुले देश भित्र यूवाहरुको सहभागिता शुन्यमा झर्दै गएको छ ।

हालै सम्पन्न निर्वाचनबाट मुलुकको राजनीतिमा ठूलो परिवर्तन भएको छ । विगतमा मुलुकको नेतृत्व गर्दैगरेका बृद्धहरुलाई विस्थापित गर्दै अहिले यूवाहरुले नै नेतृत्व गर्ने अवसर पाएका छन् । जसले गर्दा मुलुकमा राजनीतिका साथै रोजगारी, स्वास्थ्य, शिक्षा, सुशासन, भ्रष्टाचार उन्मुलन लगायतमा परिवर्तन हुने संकेत देखिएको छ । विगतमा पार्टीमा यूवाहरुलाई देखाउने मुख र कार्यकर्ता भेला गर्नेको रुपमा प्रयोग गरिएको अवस्था थियो । यूवा नेतृत्व यस्तो जमात हो जसले समाज परिवर्तनमा अहम भूमिका खेल्न सक्छ । मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन गर्नमा युवाहरुको अहम भूमिका रहने कुरा सर्वविधितै छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् ।

तसर्थ युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सह्रानिय भुमिका निर्वाह गर्न सक्छन् भन्ने कुरालाई बिर्सनु हुन्न् । जुन अहिलेको राजनीतिक अवस्थाले स्थापित गरेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सुरु भइसकेका योजना प्राथमिकतामा, नयाँ योजनाको लाभ-लागत विश्लेषण अनिवार्य

काठमाडौँ, १७ चैत (रासस) ।

हाल काम सुरु भइसकेका तथा क्रमागत प्रकृतिका आयोजनालाई चाँडो सक्नेगरी पर्याप्त बजेट विनियोजन गर्ने र नयाँ योजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभ-लागत विश्लेषणसहित पूर्वतयारी गरिसकेर तत्काल कार्यान्वयनमा जान सक्नेलाई मात्रै बजेट प्रस्ताव गर्नेगरी मन्त्रालयहरूसँग प्रारम्भिक छलफल सुरु भएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा प्रक्रियालाई थप अनुशासित, परिणाममुखी र यथार्थपरक बनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले बजेट तर्जुमा 'चेकलिस्ट' तयार पारेको हो । आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमबारे आयोगले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग छलफल गर्ने कार्यसूची रहेको आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार भोलि बुधबार वन तथा वातावरण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल हुने छ ।

बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत यसअघि आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल गरिसकेको छ ।

आयोगका अनुसार विषयगत मन्त्रालय तथा निकायहरूले आगामी आर्थिक वर्षको बजेटका लागि विस्तृत आधारसहितका योजना तथा कार्यक्रम मात्रै प्रस्ताव गर्नुपर्नेछ । विशेषगरी कार्यान्वयनमा जान सक्ने तयारी पूरा भएका र तत्काल परिणाम दिन सक्ने आयोजनालाई बजेटमा समावेश गर्ने नीति लिइएको छ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि रुपान्तरणकारी बजेट ल्याउने बताउँदै आउनुभएको छ । सोही अनुसार अर्थ मन्त्रालयको समन्वयमा योजना आयोगले विषयगत मन्त्रालयहरूसँगको छलफलमा प्राथमिकता निर्धारण गरेर मात्रै योजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको हो । आयोगका अनुसार चालु आर्थिक वर्षमा सुरु भइसकेका तथा क्रमागत आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी छिटो सम्पन्न गर्ने रणनीति अपनाइनेछ ।

त्यसैगरी मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ । कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको विश्लेषणसमेत पेस गर्नुपर्ने प्रावधान 'चेकलिस्ट' मा राखिएको छ ।

त्यसैगरी, आयोजना बैङ्कमा समावेश राष्ट्रिय गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको वर्तमान अवस्था पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । यसले दीर्घकालीन महत्वका आयोजनाको प्रगति मूल्याङ्कनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ । सरकारले १६औँ योजनासँग बजेटको तालमेल मिलाउन पनि जोड दिएको छ । सोअनुसार, मन्त्रालयहरूले आगामी वर्षका लागि रूपान्तरणकारी रणनीति तथा कार्यान्वयन गर्नुपर्ने प्रमुख कार्यक्रम र आयोजना स्पष्ट रूपमा प्रस्ताव गर्नुपर्नेछ । अर्थ मन्त्रालयले उपलब्ध गराएको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को बजेट सीमा र मध्यमकालीन खर्च संरचनाअनुसार मन्त्रालयहरूले स्रोत र खर्चको यथार्थपरक प्रक्षेपणसहित प्रस्ताव पेस गर्नुपर्नेछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रस्तावित आयोजनामा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, जग्गा प्राप्ति अवस्था, कार्यान्वयन समयतालिका र खरिद योजना अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । साथै, आयोजनाबाट प्राप्त हुने अपेक्षित प्रतिफल पनि स्पष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ ।

राष्ट्रिय गौरवका आयोजना तथा बहुवर्षीय आयोजनाहरूमा गरिएको स्रोत सुनिश्चितताको विवरण पनि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । यसले बजेट प्रतिबद्धताको पारदर्शिता बढाउने विश्वास गरिएको छ । सरकारले छिटो प्रतिफल दिने, निर्धारित समय र लागतमा सम्पन्न हुन सक्ने तथा आगामी आर्थिक वर्षमै सम्पन्न हुने आयोजनालाई विशेष प्राथमिकता दिने नीति लिएको छ ।

कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्नुपर्नेछ । निरन्तरता दिनुपर्ने, पुनरावलोकन गर्नुपर्ने र खारेज गर्नुपर्ने आयोजनाको स्पष्ट सूचीसहित प्रस्ताव गर्नुपर्नेछ ।

अधुरा तथा रुग्ण आयोजनाको विवरणसहित पुनर्संरचना वा पुनरावलोकन गर्नुपर्ने योजनाहरू पनि छुट्टै रूपमा प्रस्तुत गर्नुपर्नेछ । यसले लामो समयदेखि अलपत्र रहेका आयोजनाको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । विगतमा सम्पन्न भइसकेका आयोजनाबाट सिर्जित वित्तीय दायित्वलाई बजेटमा समावेश गरिएको वा नगरिएको विषय पनि अनिवार्य रूपमा खुलाउनुपर्नेछ । आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० अनुसार सङ्घबाट सञ्चालन हुनुपर्ने आयोजना मात्र प्रस्तावमा समावेश भए/नभएको पनि जाँच गरिनेछ ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्न चैत १५ गतेसम्मको समय दिएको थियो । यो अवधिमा प्रस्तावित योजना तथा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट गरिसक्नुपर्ने भनिए पनि नयाँ सरकारले बजेटका लागि पर्याप्त गृहकार्य गर्न नपाएका कारण त्यो समयसीमालाई बढाइएको अर्थ मन्त्रालयले जनाएको छ ।

"हामीले चैत १५ भित्र प्रस्तावित योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनेका थियौँ । तर यसमा अर्थ मन्त्रालय केही लचक हुन्छ", अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले राससलाई भन्नुभयो ।हस सत्तारूढ दलको चुनावी वाचापत्र, मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची, सुशासन मार्गचित्र, २०८२ मा राखिएका प्रावधानलाई लगायतका बजेटमा समेट्नका लागि पनि एलएमबिआइएसमा योजना तथा कार्यक्रम प्रस्ताव गर्ने समयसीमा थप गर्न आवश्यक रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

# सहकारी क्षेत्रको संकट समाधान गर्न 'सुशासन मार्गचित्र'

काठमाडौँ, १७ चैत (रासस) ।

सरकारले सहकारी क्षेत्रमा देखिएको सङ्कट समाधान गर्न 'सुशासन मार्गचित्र, २०८२' मार्फत बहुआयामिक सुधारको खाका सार्वजनिक गरेको छ ।

आइतबार सार्वजनिक मार्गचित्रले बचतकर्ताको रकम फिर्ता, नियामकीय संरचना पुनर्गठन, कानुनी कडाइ र प्रविधिमैत्री निगरानी प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन सिफारिस गरेको छ । पछिल्लो समय देशभर समस्याग्रस्त सहकारीहरूमा अर्बौं रकम फसेको पृष्ठभूमिमा मार्गचित्रमार्फत यस्तो सुझाव आएको हो ।

सो मार्गचित्रअनुसार सरकारले सबैभन्दा पहिलो प्राथमिकता साना बचतकर्तालाई दिएको छ । समस्याग्रस्त सहकारीका बचतकर्ताहरूमध्ये पाँच लाख रुपैयाँसम्म बचत भएका सदस्यहरूको पहिचान गरी 'बचत तथा कर्जा सुरक्षण कोष'मार्फत प्राथमिकताका आधारमा तत्काल बचत फिर्ता गर्ने प्रस्ताव गरिएको छमस । यसका लागि निश्चित समयसीमा तोकेर सार्वजनिक सूचना जारी गर्ने र निक्षेप सुरक्षाको कानुनी प्रत्याभूति दिने उल्लेख छ । यदि असुल गरिएको सम्पत्तिबाट रकम फिर्ता हुन नसकेको अवस्थामा पनि सुरक्षण कोषबाट पाँच लाख रुपैयाँसम्मको रकम फिर्ता हुने ग्यारेन्टी गरिनुपर्ने मार्गचित्रमा उल्लेख छ ।

साना बचतकर्ताको रकम फिर्तालाई सहज बनाउन सरकारले आवश्यक परे सहकारी ऋणपत्र जारी गरी तरलता व्यवस्थापन गर्ने योजना पनि अघि सारेको छ । त्यस्तै, पाँच लाख रुपैयाँ भन्दामाथिको बचतका हकमा दामासाहीका आधारमा वितरण गरिनुपर्ने र निक्षेपकर्ताको प्राथमिकता सूची तयार गरिनुपर्ने उल्लेख छ । बचत फिर्ता नभएसम्म समस्याग्रस्त सहकारीका सञ्चालकहरूको अन्य व्यावसायिक कारोबार र आम्दानीमाथि समेत कानुनी निगरानी राखिने प्रावधान प्रस्ताव गरिएको छ ।

मार्गचित्रले संस्थागत सुधारतर्फ थप कडा प्रावधान सिफारिस गरेको छ । हालको सहकारी विभाग खारेज गरी अर्धन्यायिक र कार्यकारी अधिकारसहितको स्वायत्त 'सहकारी नियमन प्राधिकरण' बनाइनुपर्ने प्रस्ताव गरिएको छ ।

उक्त प्राधिकरणलाई दोषी सञ्चालकको राहदानी रोक्का गर्ने, बैंक खाता र सम्पत्ति फ्रिज गर्ने तथा व्यक्तिगत सम्पत्ति जफत गरी लिलाम गर्नेसम्मका अधिकार दिने योजना छ । मन्त्रालयमा भने नीतिगत कार्यका लागि सहकारी महाशाखा मात्र राखिने उल्लेख गरिएको छ ।

त्यस्तै, प्रत्येक समस्याग्रस्त सहकारीका लागि छुट्टाछुट्टै 'डेडिकेटेड टास्क फोर्स' गठन गरिने र सम्पत्ति व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' मोडेलमा स्थायी संरचना बनाइने प्रस्ताव गरिएको छ । साथै, नियमनकारी निकायमा वित्तीय विश्लेषण, फोरेन्सिक अडिट र साइबर नियमनका विज्ञहरू अनिवार्य रूपमा राख्ने व्यवस्था गरिने जनाइएको छ ।

सङ्घीय संरचनाअनुसार सहकारीको क्षेत्राधिकार पुनःवर्गीकरण गर्ने विषय मार्गचित्रको अर्को महत्वपूर्ण सिफारिस हो । सहकारीको कारोबार रकमका आधारमा एक करोड रुपैयाँसम्म स्थानीय तह, ५० करोड रुपैयाँसम्म उपमहानगर, एक अर्ब रुपैयाँसम्म प्रदेश र पाँच अर्ब रुपैयाँभन्दा माथि सङ्घीय तहको अधिकार क्षेत्र हुने प्रस्ताव गरिएको छ । साथै, कारोबार सीमा नाघेपछि स्वतःस्तर परिवर्तन हुने 'अटो अपग्रेड/डाउनग्रेड' प्रणाली लागू गरिनुपर्ने उल्लेख छ ।

तीनै तहका सरकारबीच तथ्याङ्क आदानप्रदान गर्न एकीकृत डिजिटल सर्भर स्थापना गर्ने, अन्तरसरकारी सुपरीवेक्षण संयन्त्र बनाउने र एक तहमा समस्याग्रस्त घोषित सञ्चालकलाई अर्को तहमा जिम्मेवारी लिन कानुनी बन्देज लगाउने व्यवस्था पनि प्रस्ताव गरिएको छ । नयाँ सहकारी दर्ता स्थानीय तहबाट मात्र हुने र प्रदेश तथा सङ्घीय तह नियमनमा सीमित रहने नीति लिइएको छ ।

कानुनी सुधारअन्तर्गत सहकारी ऐन तथा नियमावली संशोधन गरी क्षेत्राधिकार र व्यावसायिक सीमाहरू स्पष्ट पारिनुपर्ने उल्लेख छ । 'एक व्यक्ति, एक सहकारी' नीति कडाइका साथ लागू गरिने र व्यक्तिगत बचतको सीमा तोक्ने प्रावधान ल्याइने जनाइएको छ । महासङ्घहरूलाई बचत तथा ऋण कारोबार गर्न

बाँकी तीन पृष्ठमा

# शासकीय सुधारका कार्यसूची : एक महिनाभित्र बन्नेछन् यी समिति, कार्यदल र अध्ययन टोली

काठमाडौँ, १७ चैत (रासस) ।

सरकारको कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची कार्यान्वयनका क्रममा एक महिनाभित्र विभिन्न समिति, कार्यदल र अध्ययन टोली गठन हुँदैछन् ।

उक्त कार्यसूचीको बुँदा नं ७ मा गत भदौ २४ गते भएका घटनाको सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र एक उच्चस्तरीय छानबिन समिति गठन गरिने उल्लेख छ । उक्त समितिलाई घटनासम्बन्धी सम्पूर्ण विवरण सङ्कलन, विश्लेषण तथा जिम्मेवार पक्ष पहिचान गरी निश्चित समयसीमाभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिने तथा समितिको सिफारिसका आधारमा आवश्यक थप कारबाही प्रक्रिया अघि बढाउने सरकारको तयारी छ ।

भ्रष्टाचार गर्ने, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहनेगरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने विषय कार्यसूचीमा समेटिएको छ ।

उक्त समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधि रहनेछन् । सोका लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गरिने सूचीमा उल्लेख छ । उक्त समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख सङ्कलन, विश्लेषण तथा सिफारिस गर्नेलगायतका अधिकार प्रदान गरिनेछ ।

पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पदधारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन तथा छानबिन गरिनेछ । समितिले दोस्रो चरणमा विसं २०४८ देखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पदधारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गर्नेछ ।

छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिस सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने उल्लेख छ ।

अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्न उच्चस्तरीय कार्यदल गठन गर्ने कार्यसूचीमा राखिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिने उल्लेख छ ।

यसैगरी, रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानी भइरहने समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गरी उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाको बारेमा सिफारिस गर्ने विषय कार्यसूचीमा समेटिएको छ ।

लगानी बोर्ड नेपाल, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, उद्योग विभागलगायतका निकायहरूबीच रहेको कार्य जिम्मेवारीको दोहोरोपन अन्त्य गर्न ३० दिनभित्र एकीकृत संरचनाको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्भेका लागि तत्काल एक कार्यदल गठन गर्ने कार्यसूचीमा उल्लेख छ ।

उक्त कार्यदलले लगानी प्रवर्द्धन, निर्यात विस्तार तथा प्रवर्द्धन, उद्योग विकास, परियोजना संरचना तथा विकास वित्तसम्बन्धी कार्यहरूलाई एकीकृत रूपमा एकल विन्दु सेवा प्रणालीमा रूपान्तरण गर्न स्पष्ट रोडम्याप, कार्यात्मक संरचना तथा आवश्यक कानुनी व्यवस्थासहितको प्रतिवेदन पेस गर्नेछ । सो प्रतिवेदनका आधारमा आवश्यक संस्थागत तथा कानुनी सुधार प्रक्रिया तत्काल अगाडि बढाइनेछ ।

अन्तरराष्ट्रिय तथा क्षेत्रीय सङ्कटहरूको प्रभाव अध्ययन गर्न अन्तर-मन्त्रालय कार्यदल गठन गर्ने, सोको आधारमा आवश्यक नीति तथा रणनीति तयार गर्ने कार्य परराष्ट्र मन्त्रालयको संयोजकत्वमा ३० दिनभित्र सम्पन्न गर्ने शासकीय सुधारसमबन्धी कार्यसूचीमा उल्लेख छ ।

मध्यपूर्वका देशहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृङ्खला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्नसक्ने बहुआयामिक प्रभावहरूको समयमै मूल्याङ्कन तथा व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयको प्रतिनिधित्व रहनेगरी एक उच्चस्तरीय अन्तर-मन्त्रालय अध्ययन कार्यदल गठन गरिनेछ ।

उक्त कार्यदलले विस्तृत अध्ययन गरी ७ (सात) दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत तथा कार्यक्रमगत उपायहरूसहित प्रतिवेदन पेस गर्ने सो प्रतिवेदनका आधारमा आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने कार्यसूचीमा जनाइएको छ ।

**संविधान संशोधन बहसपत्र कार्यदल गठन**

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ४ मा उल्लेखित विषय कार्यान्वयन गर्न सोमबारको मन्त्रिपरिषद्ले संविधान संशोधन बहसपत्र तयार गर्नका लागि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गरेका राजनीतिक दलको सहभागितामा कार्यदल गठन गर्ने निर्णय गरिसकेको छ ।

कार्यसूचीमा देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायत विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र 'संविधान संशोधन बहस पत्र' तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उल्लेख छ ।

# राष्ट्रिय औषधि प्रयोगशालाले प्राप्त गऱ्यो 'आइएसओ' मान्यता

काठमाडौँ, १७ चैत (रासस) ।

राष्ट्रिय औषधि प्रयोगशालाले अन्तरराष्ट्रिय प्रमाणीकरण 'आइएसओ' मान्यता प्राप्त गरेको छ । प्रयोगशालाले आइएसओ १७०२५:२०१७ प्रमाणपत्र प्राप्त गरेको हो ।

स्थापनाको ६० वर्षपछि नेपालको एक मात्र औषधिको परीक्षण गर्ने सरकारी प्रयोगशाला 'आईएसओ एक्रिडिटेसन सर्टिफाइड' भएको हो । राष्ट्रिय औषधि प्रयोगशालाका निर्देशक भरत भट्टराईले प्रयोगशाला अब अन्तरराष्ट्रिय मापदण्डको सरकारी औषधि प्रयोगशालामा परिणत भएको र यसले औषधिको गुणस्तर सुनिश्चितताका लागि थप विश्वसनीयता आर्जन गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रयोगशालाको सिङ्गो टोलीको तीन वर्षको अथक मेहनतका कारण प्रयोगशालाले आइएसओ सर्टिफिकेट पाएको हो । सर्टिफिकेट प्राप्त गर्नका लागि व्यवस्थापन र गुणस्तरीयतामा विशेष काम गरेका छौँ ।"

नेपालमा उत्पादन हुने र विदेशबाट आयात हुने औषधिको परीक्षण र विश्लेषण, गुणस्तर नियन्त्रण तथा व्यवस्थापन र गुणस्तर तथा विधि पुष्टि गर्ने काम प्रयोगशालाले गर्दै आएको छ । औषधि व्यवस्था विभागबाट प्राप्त नमूनाहरू, निजी क्षेत्रका औषधि उद्योग, विभिन्न निकाय र संस्थाबाट प्राप्त नमूना र अन्य औषधि परीक्षण गर्ने तथा निजी प्रयोगशालाको गुणस्तर जाँच गर्ने काम प्रयोगशालाले गर्दै आएको छ ।

त्यसैगरी, प्रयोगशालाले नियमनको लेखापरीक्षण गर्ने, स्वदेशमा उत्पादित, वितरित एवं विदेशबाट आयात हुने औषधिको गुणस्तर परीक्षण र विश्लेषण गर्ने, विश्लेषण विधि पुष्टि गर्ने सरकारी निकायबाट प्राप्त खोपको प्रमाणीकरण गर्ने र कुशल प्रयोगशाला अभ्यासहरूको निरीक्षण लेखापरीक्षण गर्दै आएको छ ।

औषधि ऐन, २०३५ को दफा ६ बमोजिम स्थापना भएको नेपाल औषधि अनुसन्धानशाला, औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्ने सरकारको प्रमुख अङ्गका रूपमा रहेको छ ।

## सहकारी क्षेत्रको ...

पूर्ण रूपमा बन्देज लगाई केवल प्रवर्द्धनात्मक भूमिकामा सीमित गरिने प्रस्ताव गरिएको छ ।

रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्ने बाध्यात्मक तथा प्रोत्साहनमूलक 'मर्जर' नीति लागू गरिनेछ भने सहकारीलाई गैरकानुनी सम्पत्ति शुद्धीकरणको माध्यम बन्न नदिन एएमएल/सीएफटीसम्बन्धी कानुन कडाइका साथ कार्यान्वयन गरिनेछ । सञ्चालक तथा पदाधिकारीहरूको योग्यता, अनुभव र आचरणसम्बन्धी कडा मापदण्ड पनि तोकिने भएको छ ।

प्रविधि र वित्तीय सुशासनतर्फ सहकारी, बैंक तथा सरकारी निकायबीच सूचना प्रणाली अन्तरआबद्ध गरिने जनाइएको छ। कोपोमिस प्रणाली अनिवार्य गरी एकीकृत डिजिटल तथ्याङ्क निर्माण गरिने र गलत विवरण दिने संस्थाको कारोबार रोक्का गरिने उल्लेख छ । सहकारीको बचत घरजग्गा वा सेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्न रोक लगाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनुपर्ने मार्गचित्रको सिफारिस छ ।

अन्तरराष्ट्रिय वित्तीय मापदण्डको अनिवार्य पालना, त्रैमासिक वित्तीय श्वेतपत्र प्रकाशन र लगातार तीन वर्ष लेखापरीक्षण नगर्ने संस्थालाई दर्ता खारेजीसम्मको कारबाही गर्ने कडा प्रावधान पनि प्रस्ताव गरिएको छ ।

सरकारको यो मार्गचित्रले सहकारी क्षेत्रमा देखिएको विद्यमान सङ्कट समाधान गर्ने प्रयास गरे पनि यसको प्रभावकारिता कार्यान्वयनमा निर्भर रहने देखिन्छ । विगतमा पनि नीतिगत घोषणा भए पनि कार्यान्वयन कमजोर रहँदा समस्या झन जटिल बनेको थियो । त्यसैले, प्रस्तावित कडा प्रावधान व्यवहारमा कति लागू हुन्छन् भन्ने नै अबको मुख्य चुनौतीका रूपमा हेरिएको छ ।

# वैदेशिक रोजगारमा जाने कामदारले जुनसुकै सरकारी अस्पतालमा स्वास्थ्य परीक्षण गर्न पाउने

काठमाडौँ, १७ चैत (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण सरकारी मान्यता प्राप्त जुनसुकै अस्पतालबाट परीक्षण गर्न पाउने व्यवस्था गरेको छ ।

मन्त्री दिपककुमार साहको नेतृत्वमा मंगलबार बसेको मन्त्रिस्तरीय बैठकले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न चाहने

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## मध्यपूर्व तनाव चर्किँदै

पेरिस, १७ चैत (रासस/एएफपी) ।

मध्यपूर्वमा फैलिएको युद्ध बहुआयामिक र थप जटिल बन्दै गएको छ । इजरायल, इरान र तिनका सहयोगी शक्तिहरूबीचको प्रत्यक्ष तथा अप्रत्यक्ष भिडन्तले क्षेत्रीय सुरक्षालाई गम्भीर चुनौती दिएको छ । दक्षिणी लेबनानमा जारी सङ्घर्षका क्रममा इजरायली सेनाले चार सैनिक गुमाएको जनाएको छ । ती सैनिकहरू एउटै बटालियनका रहेको र भिडन्तका क्रममा मृत्यु भएको सैन्य वक्तव्यमा उल्लेख छ । यस घटनामा अन्य सैनिकहरू घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ । उक्त क्षेत्रमा इजरायली सेना इरान समर्थित हिजबुल्लाहसँग निरन्तर भिडन्तमा संलग्न छ । यसैबीच, इजरायलले इरानबाट प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत अवरोध गरेको जनाएको छ । जेरुसेलममा कम्तीमा १० वटा विस्फोटको आवाज सुनिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । इजरायली सेनाका अनुसार ती क्षेप्यास्त्रहरू इरानबाट प्रक्षेपण गरिएको पुष्टि गरिएको छ ।

उता तेहरानमा पनि विस्फोटको आवाज सुनिएको र केही क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । केही समयपछि प्रभावित क्षेत्रमा पुनः बिजुली आपूर्ति सुरु गरिएको बताइएको छ । युद्धको दायरा इराकसम्म फैलिएको सङ्केत देखिएको छ । पपुलार मोबिलाइजेसन फोर्सेज (पिएमएफ) ले अमेरिका-इजरायल संयुक्त हवाई आक्रमणबाट आफ्ना दुई सैन्य अड्डा लक्षित भएको दाबी गरेको छ । बाबिल र अनबर प्रान्तमा भएका ती आक्रमणमा भने तत्काल कुनै हताहतको विवरण प्राप्त भएको छैन । यसै क्रममा दुबई बन्दरगाहमा कुवेती तेल ट्याङ्करमा आगलागी भएको छ । कुवेतको सरकारी तेल कम्पनीका अनुसार उक्त ट्याङ्करमाथि इरानबाट प्रत्यक्ष आक्रमण गरिएको थियो, यद्यपि मानवीय क्षति भने भएको छैन । साथै, हवाई प्रतिरक्षा प्रणालीबाट खसेका भग्नावशेषका कारण सहरमा अन्य आगलागी हुँदा चार जना घाइते भएका छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले युद्धले आफ्ना आधाभन्दा बढी रणनीतिक लक्ष्य हासिल गरिसकेको दाबी गर्नुभयो, तर यसको अन्त्य कहिले हुने भन्नेबारे कुनै निश्चित समयसीमा दिन अस्वीकार गर्नुभयो । संयुक्त राष्ट्रसङ्घको अन्तरिम बल (युनिफिल) ले लेबनानको दक्षिणी क्षेत्रमा भएको विस्फोटमा दुई शान्ति सैनिक मारिएको पुष्टि गरेको छ । सो घटनामा अन्य दुई घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर छ । बगदादस्थित अमेरिकी दूतावासलाई लक्षित गरी गरिएको ड्रोन आक्रमणका क्रममा छर्रा नजिकै खस्दा एक सर्वसाधारण घाइते भएका छन् । यता, होर्मुज जलडमरूमध्यमा आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने योजना इरानको संसदीय आयोगले अनुमोदन गरेको छ । ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने उक्त जलमार्ग युद्धका कारण प्रभावित भएको छ, जसले विश्व बजारमा असर पार्ने देखिन्छ ।

## होर्मुज खुल्नुअघि नै युद्ध अन्त्यको संकेत

वासिङ्टन, १७ चैत (रासस/एएनआई) ।

मध्यपूर्वमा जारी तनावबीच डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले होर्मुज जलडमरूमध्य पूर्ण रूपमा नखुले पनि इरानविरुद्धको सैन्य अभियान अन्त्य गर्ने सङ्केत दिएको छ, जसले युद्धको दिशा कूटनीतिक मोडतर्फ मोडिन सक्ने देखिएको छ । राष्ट्रपति ट्रम्पले आफ्ना सहयोगीहरूसँगको छलफलमा आगामी चारदेखि छ हप्ताभित्र इरानविरुद्धको सैन्य कारबाही अन्त्य गर्न तयार रहेको जनाउनुभएको बताइएको छ, यद्यपि होर्मुज जलडमरूमध्य अझै प्रभावकारी रूपमा अवरुद्ध रहने अवस्था कायम छ । यस्तो निर्णयले सो महत्त्वपूर्ण समुद्री मार्गमा इरानको प्रभाव विस्तार हुन सक्ने आकलन गरिएको छ । उहाँले इरानको नौसैनिक र क्षेप्यास्त्र क्षमतामा उल्लेख्य क्षति पुऱ्याइसकेको दाबी गर्दै अब दीर्घकालीन समुद्री सैन्य अभियानमा नफस्ने सङ्केत गर्नुभयो । प्रशासनका अधिकारीहरूका अनुसार अमेरिका आफ्ना 'मुख्य' सैन्य लक्ष्यहरू पूरा गरिसकेपछि विजय घोषणा गर्दै बाहिरिन सक्ने विश्वास ट्रम्पमा रहेको छ । ट्रम्पले होर्मुज बन्द हुनु मुख्यतः एसिया र युरोपका लागि समस्या भएको उल्लेख गर्दै उक्त जलमार्गबाट करिब ८४ प्रतिशत तेल एसियाली बजारतर्फ जाने तथ्य औँल्याउनुभयो । अमेरिका अब मध्यपूर्वीय ऊर्जामा निर्भर नरहेको धारणा उहाँले दोहोऱ्याउनुभयो ।

यद्यपि, जलडमरूमध्य अवरुद्ध रहँदा विश्व बजारमा असर देखिन थालेको छ । कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघिसकेको छ भने मललगायत आवश्यक वस्तुहरूको आपूर्ति प्रभावित हुने चिन्ता बढेको छ । अमेरिकाले आवश्यक परे ट्याङ्करहरूको सुरक्षाका लागि एस्कर्ट व्यवस्था गर्ने वा बहुराष्ट्रिय पहलमार्फत जलमार्ग खुलाउने विकल्प खुला राखेको भए पनि ती तत्काल प्राथमिकतामा नरहेको जनाइएको छ । युद्ध अन्त्यको सङ्केतसँगै अमेरिकी सैन्य उपस्थिति भने क्षेत्रमा घटेको छैन, बरु बढ्दो अवस्थामा रहेको छ । युएसएस त्रिपोली र ३१औँ मरीन एक्सपिडिशनरी युनिट क्षेत्रमै तैनाथ भइसकेका छन् भने ८२औँ एयरबोर्न डिभिजनसहित थप १० हजार सैनिक पठाउने विषयमा पनि विचार भइरहेको छ । यसले एकातिर युद्ध अन्त्यको सङ्केत र अर्कोतर्फ सैन्य सुदृढीकरणबीच विरोधाभास देखिएको छ ।

यसैबीच, ट्रम्पले जलडमरूमध्य नखुलाए इरानको नागरिक ऊर्जा संरचनामा आक्रमण गर्न सकिने चेतावनीसमेत दिनुभयो । उहाँले युद्धलाई 'सुन्दर प्रवास' र 'भ्रमण' जस्ता अभिव्यक्तिमा चित्रण गर्नुभएको उल्लेख गरिएको छ । ह्वाइट हाउसले भने हालै केही तेल ट्याङ्करहरू होर्मुजमार्फत आवतजावत गर्न थालेको घटनालाई अमेरिका-इरानबीच जारी प्रत्यक्ष तथा अप्रत्यक्ष कूटनीतिक वार्ताको परिणामका रूपमा व्याख्या गरेको छ । ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेविटले इरानले चयनात्मक रूपमा ट्याङ्करहरूलाई अनुमति दिएको भन्ने आरोप अस्वीकार गर्दै कूटनीतिक पहलकै कारण आवागमन सम्भव भएको बताउनुभयो । उहाँका अनुसार सुरुमा १० वटा ट्याङ्करलाई अनुमति दिइएकोमा थप २० वटा ट्याङ्कर पनि आवागमनका लागि तयारी अवस्थामा छन्, जुन आगामी दिनमा देखिने अपेक्षा गरिएको छ । ट्रम्पको कूटनीतिक सक्रियताबिनाको अवस्थामा यस्तो प्रगति सम्भव नहुने उहाँले जोड दिनुभयो । यसअघि ट्रम्पले इरानले 'सद्भावको सङ्केत' स्वरूप २० तेल ट्याङ्करलाई मार्ग प्रयोग गर्न अनुमति दिएको दाबी गर्नुभएको थियो । उहाँका अनुसार प्रारम्भमा १० र पछि थप १० ट्याङ्करलाई अनुमति दिइनु सकारात्मक सङ्केत हो ।

# एमाले सचिवालयको बैठकद्वारा विभिन्न चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पक्राउ गरेको विरोधमा पार्टीको सचिवालय बैठकले विभिन्न चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको छ ।

घोषणा गरेका कार्यक्रमहरुमा २०८२ चैत २५ गतेसम्म जिल्ला तहमा आन्दोलन केन्द्रित बृहत भेला तथा चैत २८ गते सबै पालिकामा विरोध प्रदर्शन गर्ने लगायतका निर्णयहरु गरेको छ ।

यस्तै २०८३ वैशाख ३ गते वडा तहमा भेला, वैशाख ७ गते प्रदेश राजधानीहरूमा प्रदर्शन, वैशाख १२ गते राजधानीमा विशाल विरोध प्रदर्शन गर्ने जनाइएको छ ।

सरकारद्वारा विद्यार्थी तथा पेशागत संगठनहरूसँग सम्बन्धित गतिविधिहरू समेट्दै, सबै जनसंगठनहरूले आ-आफ्नो ढंगले आन्दोलनका कार्यक्रम सञ्चालन गरी पार्टीद्वारा घोषित आन्दोलनलाई प्रभावकारी बनाउन सहयोग गर्ने साथै बुधबार बिहान ११ बजे जनसंगठन संयन्त्रको बैठक पार्टी कार्यालयमा बस्ने निर्णय गरेको छ ।

यस्तै सोही बैठकले सर्वपक्षीय नागरिक संवादका लागि उपाध्यक्ष रघुजी पन्त, उपमहासचिव योगेश भट्टराई र केन्द्रीय सदस्य मीन बहादुर शाहीलाई जिम्मेवारी दिएको छ ।

संसदभित्र दलहरूसँग सहकार्य र प्रभावकारी प्रस्तुति दिने जिम्मेवारी उपाध्यक्ष राम बहादुर थापा बादल र सचिव पद्मा अर्याललाई दिइएको छ ।

बैठकले आन्दोलनका थप कार्यक्रम तय गर्न तत्काल पार्टी केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय समेत गरेको छ ।

# लहानमा आधुनिक 'ब्लड बैंक' स्थापना हुने

सिरहा, १७ चैत (रासस) ।

लहान नगरपालिकामा आधुनिक 'प्रमेश्वर-आत्माराम मुरारका ब्लड बैंक' निर्माण हुने भएको छ । रगतको अभावमा बिरामीले भोग्नु परिरहेको सास्तीलाई दृष्टिगत गर्दै लहान नगरपालिका, लायन्स क्लब र स्थानीय दाताका परिवारबीच सोमबार त्रिपक्षीय समन्वयमा यो परियोजना अघि बढाइएको हो ।

ब्लड बैंक स्थापनाका लागि लहान नगरपालिका र लायन्स क्लबबीच औपचारिक सम्झौता भएको छ । यसका लागि लहान-१० स्थित निर्माणाधीन नगर अस्पतालसँगै जोडिएको तीन कट्ठा जग्गा उपलब्ध गराउने सहमति भएको हो । भौतिक संरचना निर्माणका लागि लहानका प्रतिष्ठित उद्योगपति एवं समाजसेवी मुरारका परिवारले रु ४० लाख सहयोग गर्नुहुने भएको छ भने उक्त भवनको नाम स्वर्गीय प्रमेश्वर मुरारका र आत्माराम मुरारकाको स्मृतिमा राखिनेछ ।

यसैगरी, लायन्स क्लबले ब्लड बैंकका लागि आवश्यक पर्ने रु एक करोड ५० लाखभन्दा बढी मूल्यका अत्याधुनिक प्राविधिक उपकरणहरू उपलब्ध गराउने सम्झौतामा उल्लेख छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले ब्लड बैंकको स्थापना यस क्षेत्रको स्वास्थ्य उपचारमा एउटा ठूलो उपलब्धि हुने बताउनुभयो । "लहान आसपासका सय किलोमिटर क्षेत्रसम्म भरपर्दो ब्लड बैंक नहुँदा आकस्मिक उपचारमा ठूलो समस्या थियो", उहाँले भन्नुभयो, "हाम्रो प्राथमिकता नागरिकको स्वास्थ्य हो र यो ब्लड बैंकको स्थापनाले आपतकालीन अवस्थामा रगत खोज्दै भौतारिनुपर्ने समस्यालाई जरैदेखि समाधान गर्नेछ ।"

दाता पक्षका तर्फबाट मुरारीलाल मुरारकाले आफ्ना पिता र काकाको नाममा स्वास्थ्य क्षेत्रमा सेवा गर्न पाउनु गौरवको विषय भएको बताउनुभयो । उहाँका अनुसार स्वर्गीय प्रमेश्वर मुरारका र आत्माराम मुरारकाले लहानको प्रादेशिक अस्पताल, जेएस मुरारका बहुमुखी क्याम्पस, विज्ञान प्रयोगशाला र माडबाडी सेवा सदनजस्ता संस्थाको स्थापनामा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो ।

"हाम्रो परिवारले शिक्षा र स्वास्थ्यलाई सधैं प्राथमिकतामा राख्दै आएको छ", मुरारकाले भन्नुभयो, "अन्तरराष्ट्रियस्तरको ब्लड बैंक निर्माणपछि हामी अन्य सामाजिक क्षेत्रमा पनि सहयोग जारी राख्नेछौं ।" यो केन्द्र सञ्चालनमा आएपछि लहानसहित छिमेकी जिल्ला सप्तरी, धनुषा र उदयपुरका बिरामीले प्रत्यक्ष लाभ पाउनेछन् ।

# चैते धानको समर्थन मूल्य सिफारिस

काठमाडौँ, १७ चैत (रासस) ।

कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ ।

विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो ।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजार मूल्य, उत्पादनलागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो ।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उहाँले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र मूल्य सार्वजनिक गरिने जनाइएको छ । धानको चिस्यान मापदण्डसमेत मूल्याङ्कन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिने छ ।

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने मन्त्रालयले जनाएको छ । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाइएको छ ।

सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो ।

# शासकीय सुधारका एक सय कार्यसूचीमा 'डिजिटल' शासन

काठमाडौँ, १७ चैत (रासस) ।

सरकारले शासकीय सुधारका एक सय कार्यसूचीमार्फत 'डिजिटल' शासन र 'डेटा गभर्नेन्स'लाई प्राथमिकतामा राख्दै कार्यान्वयन सुरु गरेको छ ।

मन्त्रिपरिषद्को गत शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्यसूचीअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने प्रक्रिया अघि बढाएको छ भने बेटिङ एप बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ ।

अब सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी, कागजरहित र अन्तरआबद्ध बनाइनेछ । यसअन्तर्गत विद्यमान एकीकृत कार्यालय व्यवस्थापन प्रणाली 'जिआइओएमएस' प्रणालीलाई एक सय दिनभित्र थप सुदृढ र प्रयोगकर्तामैत्री बनाइने जनाइएको छ ।

नागरिकको विवरण एक पटक मात्रै सङ्कलन गरी अन्य निकायले सोही डेटा प्रयोग गर्ने व्यवस्था गरिने र सरकारी 'एप' तथा 'पोर्टल'लाई सरल बनाइने भएको हो ।

शासकीय सुधारका लागि नागरिक एपमार्फत अनलाइन आवेदन सहज बनाउने, 'अटो फिल' प्रणाली लागू गर्ने तथा प्रहरी प्रतिवेदन, राहदानी र सवारीचालक अनुमतिपत्रका लागि आवेदन ४५ दिनभित्र डिजिटल माध्यमबाटै दिन सकिने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

साथै, सेवा लिन भौतिक उपस्थित हुनुपर्ने अवस्थामा अनलाइन 'अपोइन्टमेन्ट' प्रणालीमार्फत समय छनोट गर्न सकिने व्यवस्था तीन महिनाभित्र लागू गरिनेछ । सरकारले डिजिटल हस्ताक्षर प्रणालीलाई समेत विस्तार गर्ने योजना अघि सारेको छ । 'एनआइडी कार्ड', 'बायोमेट्रिक' वा 'ओटिपी'मार्फत 'इसिग्नेचर' प्रयोग गरी सेवा लिन सकिने व्यवस्था गर्न अध्ययन प्रक्रिया अघि बढाइएको छ ।

त्यस्तै, फाइल ट्र्याकिङ प्रणाली लागू गरी ढिलाइ भएमा स्वचालित 'अलर्ट' जाने व्यवस्था ३० दिनभित्र कार्यान्वयन गरिनेछ । प्रमाणपत्रहरू 'अनलाइन डाउनलोड' गर्न मिल्ने व्यवस्था १५ दिनभित्र लागू गरिनेछ भने कर्मचारीको डिजिटल प्रोफाइल र हेलो सरकार प्रणाली सुधार गर्ने योजना पनि कार्यसूचीमा समावेश छ ।

डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षणसम्बन्धी नीति तथा कानुन ६० दिनभित्र तर्जुमा गरिनेछ भने सूचना प्रविधि तथा डिजिटल गभर्नेन्ससम्बन्धी स्वतन्त्र नियामक निकाय स्थापना गर्ने तयारी पनि अघि बढाइएको छ । सरकारले सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक तथा 'नेसनल इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क' ६० दिनभित्र तयार गर्ने लक्ष्य लिएको छ ।

सरकारले 'राष्ट्रिय एकीकृत डिजिटल शासन प्लेटफर्म' स्थापना गरी सबै सेवा एउटै प्लेटफर्ममार्फत उपलब्ध गराउने लक्ष्य राखेको छ । यसका लागि राष्ट्रिय डाटा एक्सचेन्ज प्लेटफर्म स्थापना तथा सञ्चालनको काम १०० दिनभित्र सुरु गरिनेछ ।

यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्ने, हालको सूचना प्रविधि विभाग खारेज गर्ने र सम्बन्धित सबै निकायलाई एकीकृत गर्ने योजना तीन महिनाभित्र पूरा गरिने जनाइएको छ ।

# प्रवेश परीक्षा तयारी कक्षा र मापदण्डविपरीतका 'ब्रिजकोर्स' बन्द गरिने

काठमाडौँ, १७ चैत (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उच्च शिक्षाका विभिन्न तह लक्षित कार्यक्रम प्रचलित कानुनबमोजिम सञ्चालन नभएको भए बन्द गर्न निर्देशन दिएको छ ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाद्वारा सोमबार जारी विज्ञप्तिमा नवनियुक्त मन्त्री सस्मित पोखरेलले गर्नुभएको निर्णयका आधारमा विद्यालय तहका विभिन्न कक्षामा भर्ना लिन प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिजकोर्सका नाममा विभिन्न संस्थाले सञ्चालन गर्दै आएका त्यस्ता कार्यक्रम बन्द गराउन निर्देशन दिइएको उल्लेख छ । आगामी वैशाख १ गतेदेखि पूर्णरुपमा बन्द गराउने निर्णयबमोजिम यस्तो निर्देशन दिइएको विज्ञप्तिमा उल्लेख छ ।

"निर्धारित कानुनी मापदण्डअनुरुप त्यस्ता कार्यक्रमहरू सञ्चालन भए नभएको अनुगमन गरी प्रचलित कानुबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरिन्छ", विज्ञप्तिमा भनिएको छ ।

विद्यालय तहमा यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्ने मन्त्रालयको बुझाइ रहेको छ ।

### *वैदेशिक रोजगारमा ...*

स्वास्थ्य संस्थाका लागि सूचीकरण खुला गर्ने र स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा ३ को व्यवस्थाबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ ।

नेपाल मेडिकल व्यवसायी सङ्घका महासचिव कृष्णप्रसाद बजगाईंले सरकारले कार्यविधिमा भएको व्यवस्था लागू गराउनु सकारात्मक देखिए पनि निजी क्षेत्रका स्वास्थ्य संस्था र व्यवसायीलाई व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

श्रम तथा रोजगार मन्त्रालयको मापदण्डअनुसार हाल १९४ वटा स्वास्थ्य संस्थाले नवीकरण गरेका छन् । यिनै संस्थामार्फत वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण हुँदै आएको थियो ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*